# लेखापरीक्षण प्रतिवेदन
# प्युठान
## २०७२।७३




# महालेखापरीक्षकको कार्यालय
## काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# प्राक्कथन

नेपालको संविधानले महालेखापरीक्षकलाई संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण गर्ने जिम्मेवारी सुम्पेको छ । महालेखापरीक्षकले संविधान, प्रचलित कानून र लेखापरीक्षणका मान्य सिद्धान्त बमोजिम सार्वजनिक स्रोत साधनको परिचालन, विकास निर्माण एवं सेवा प्रवाहमा रहेका कमी कमजोरी र आर्थिक अनियमितता पहिचान गरी सुधारका लागि सुझावसहित प्रतिवेदन गर्दै आएको छ ।

सार्वजनिक प्रशासनलाई स्वच्छ, निश्पक्ष, पारदर्शी र जवाफदेही बनाई सुशासनको प्रत्याभूति गर्न राज्यका क्रियाकलाप निर्देशित हुने संवैधानिक व्यवस्था छ । जिम्मेवार व्यक्तिले सरकारी आम्दानी वा खर्च गर्दा नियमसम्मत, मितव्ययी, दक्ष, प्रभावकारी र औचित्यपूर्ण तवरले गर्नुपर्ने र आफूले गरेको आर्थिक कारोबारको आन्तरिक जाँच गरी वा गराई ठीक छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने कानूनी व्यवस्था छ । यसबमोजिम आर्थिक कारोबार नभएबाट नै बेरुजू सिर्जना हुने गरेको छ ।

पारदर्शी आर्थिक कारोबारले जवाफदेहिता, विश्वसनियता र आर्थिक अनुशासन कायम राख्न मद्दत पुऱ्याउँदछ । आफ्नो कामप्रतिको निष्ठा, पेशागत इमान्दारिता र जिम्मेवारीको बोध हुन सकेमा मात्र सरकारी आर्थिक कारोबार सुदृढ हुन सक्दछ । यसका निमित्त आर्थिक कारोबार गर्ने कार्यालय, नियमनकारी निकाय तथा सरोकारवाला सवैको ध्यान पुग्नु जरुरी छ । यस क्रममा आन्तरिक नियन्त्रण र लेखापरीक्षणको भूमिका उत्तिकै महत्वपूर्ण रहने हुनाले यसमा पनि प्रभावकारिता ल्याउनुपर्दछ ।

लेखापरीक्षणमा जोखिमको पहिचान गरी कार्यालयको छनौट, योजना/कार्यक्रम तर्जुमा, प्रबेश बैठक, स्थलगतरुपमा परीक्षण गरी प्रमाण सङ्कलन, मस्यौदा उपर छलफल पश्चात् कार्यालयगत रुपमा लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपलव्ध गराइएको छ । कानूनबमोजिम ३५ दिनभित्र फछ्र्यौट नभई बाँकी रहेका ब्यहोरा मिलान गरी प्रतिवेदनमा समावेश गरिएको छ ।

बहुजनहितायको मान्यता अवलम्बन गर्दै प्रतिवेदनमा सहज पहुँच पुऱ्याई सरोकारवालालाई सुसुचित गर्ने उद्देश्यले यो प्रतिवेदन प्रकाशित गरिएको छ । यसबाट आगामी दिनमा संघीय, प्रदेश र स्थानीय तहको जनचासो सम्बोधन गरी प्रतिवेदन गर्न सहयोग मिल्ने विश्वास लिइएको छ । प्रतिवेदन तयार गर्न योगदान पुऱ्याउनु हुने सबैमा कार्यालय आभार व्यक्त गर्दछ । साथै प्रतिवेदनलाई कार्यान्वयनमा ल्याई सरकारी आर्थिक कारोबारमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न सबै पक्षबाट सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ । यो प्रतिवेदन कार्यालयको वेभसाइट *www.oagnep.gov.np* मा समेत राखिएको छ ।

# विषय सूची


| सि.नं. | विषय | पृष्ठ |
|---|---|---|
| १ | लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति | १ |
| २ | लेखापरीक्षण र बेरुजूको स्थिति | २ |
| ३ | कार्यालयगत लेखापरीक्षण व्यहोरा | ३ |
| | ३.१ जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन | ३ |
| | ३.२ जिल्ला प्राविधिक कार्यालय | ४ |
| | ३.३ जिल्ला विकास समितिको कार्यालय | ४ |
| | ३.४ जिल्ला स्वास्थ्य कार्यालय | ९ |
| | ३.५ जिल्ला शिक्षा कार्यालय | ११ |
| | ३.६ डिभिजन सडक कार्यालय | १२ |
| | ३.७ सिंचाइ विकास डिभिजन | १५ |
| | ३.८ स्थानीय विकास कोषको सचिवालय | १६ |
| ४ | आन्तरिक लेखापरीक्षण | १७ |
| अनुसूची १ : लेखापरीक्षण गरीएका कार्यालय र लेखापरीक्षण अङ्क | | १८ |
| अनुसूची २ : बेरुजूको स्थिति | | १९ |
| अनुसूची ३ : जिल्ला विकास समितिको एकीकृत आय-व्यय विवरण | | २० |
| अनुसूची ४ : जिम्मेवार पदाधिकारीको नामावली | | २२ |

# लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानूनी व्यवस्था :** संविधानको धारा २४१ मा महालेखापरीक्षकले संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र कानुनद्वारा तोकिएका अन्य संस्थाको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी लेखापरीक्षण गर्नु पर्ने व्यवस्था छ। लेखापरीक्षण (संशोधन सहित) ऐन, २०४८ ले महालेखापरीक्षकले लेखापरीक्षण गर्ने निकायको सबै वा कुनै ईकाइ मात्र छनौट गरी आर्थिक कारोबारको विस्तृत वा आंशिक रुपमा परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, प्राप्त तथ्यहरु दर्साउन, त्यसमा आलोचना गर्न र राय सहितको प्रतिवेदन गर्न सक्ने व्यवस्था छ। संविधान, लेखापरीक्षण ऐन र अन्य कानुनद्वारा प्रदत्त व्यवस्था अनुरुप लेखापरीक्षण गरिएको छ।

२. **उद्देश्य** : सार्वजनिक आर्थिक कारोबारमा स्वच्छता, पारदर्शिता, जवाफदेहिता, विश्वसनियता र अनुशासन प्रबर्धन गराउनु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ। लेखापरीक्षण गर्दा देहायका विषयको परीक्षण एवं विश्लेषणमा केन्द्रित गरिएको छ :

- विनियोजन, राजस्व र धरौटीको लेखा तोकिएको ढाँचामा राखेको र यथार्थ स्थिति चित्रण गरेको,
- स्वीकृत कार्यक्रम, बजेट र अख्तियारीको सीमा भित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्व लगायत समस्त आम्दानी, असूली एवं दाखिला र धरौटी आम्दानी कानुन सम्मत रहेको,
- सरकारी सम्पत्तिको अभिलेख, सुप्रबन्ध र संरक्षणको पर्याप्त व्यवस्था गरेको,
- नगदी, जिन्सी तथा सरकारी सम्पत्ति एवं स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको,
- आर्थिक कारोबार गर्दा प्रचलित कानुनको पालना गरेको एवं पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रम अनुसार निर्धारित समय भित्र प्रगति हासिल गरेको,

३. **क्षेत्र** : यस जिल्ला स्थित अनुसूची १ मा उल्लिखित सरकारी कार्यालय र समितिको २०७२।७३ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

४. **पद्धति** : संविधान, लेखापरीक्षण ऐन, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) द्वारा प्रतिपादित सिद्धान्त र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षणको क्रममा देहायका मानदण्ड एवं मार्गदर्शन प्रयोग गरिएको छ।

| | |
|---|---|
| • सरकारी लेखापरीक्षण नीति मानदण्ड,<br>• वित्तीय लेखापरीक्षण मार्गदर्शन,<br>• महालेखापरीक्षकको लेखापरीक्षण सम्बन्धी निर्देशन तथा परिपत्र,<br>• संयुक्त लेखापरीक्षण टोली सम्बन्धी निर्देशन,<br>• गुणस्तर आश्वस्तता निर्देशिका,<br>• आयोजना हिसाबको लेखापरीक्षण मार्गदर्शन,<br>• राजस्व लेखापरीक्षण मार्गदर्शन, | • सार्वजनिक खरिद व्यवस्थाको लेखापरीक्षण मार्गदर्शन,<br>• प्रशासकीय खर्चको लेखापरीक्षण मार्गदर्शन,<br>• जिल्ला विकास समिति लेखापरीक्षण निर्देशिका,<br>• जोखिममा आधारित लेखापरीक्षण निर्देशिका,<br>• लेखापरीक्षकको आचारसंहिता,<br>• सार्वजनिक संस्थाका लेखापरीक्षकको लागि निर्देशन, |

वार्षिक योजना र कार्यक्रमको अधीनमा रही स्थलगत रुपमा लेखापरीक्षण गरी प्रतिवेदन गरिएको छ। लेखापरीक्षणको गुणस्तर अभिवृद्धिका लागि कार्यान्वयन चरणमा निरीक्षण, सुपरिवेक्षण तथा आचारसंहिता पालनाको अनुगमन गरी गुणस्तर आश्वस्तताको निमित्त सम्पादित कामको पुनरावलोकन गर्ने गरिएको छ।

लेखापरीक्षण गरिने निकाय र कारोबारको छनौट गर्दा जोखिम मूल्याङ्कनको आधारमा स्वीकृत योजना र कार्यविधि अबलम्बन गरी अनुसूची १ बमोजिम ९ कार्यालयको विस्तृत र २४ कार्यालयको आन्तरिक लेखापरीक्षण तथा केन्द्रीय आर्थिक विवरणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएकोछ।

# लेखापरीक्षण र बेरुजूको स्थिति

१. **लेखापरीक्षण** : यस जिल्ला स्थित ३३ सरकारी कार्यालयको बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार समेत रु ३ अर्ब ८२ करोड ६० लाखको लेखापरीक्षण सम्पन्न गरीएको छ। लेखापरीक्षण गरीएका कार्यालय र लेखापरीक्षण अङ्क अनुसूची १ मा उल्लेख छ।

२. **बेरुजू:** आर्थिक कार्यविधि ऐन, २०५५ अनुसार प्रचलित कानुन बमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजूको रुपमा परिभाषित गरीएको छ।

यस वर्ष १३ कार्यालयको प्रारम्भिक प्रतिवेदनवाट कूल दफा १३७ र रु.१४ करोड २४ लाख ४१ हजार बेरुजू देखिएकोमा ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउन सम्बन्धित कार्यालयहरुलाई जानकारी गराइएको थियो। प्रतिवेदन अबधिसम्म ५ कार्यालयको प्रतिक्रियावाट फछ्र्यौट र समायोजन भएको ५४ दफा र रु.१ लाख ३५ हजार मिलान गरी १३ कार्यालयको दफा ८३ र रु.१४ करोड २३ लाख ६ हजार बेरुजू बाँकी रहेको छ। लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएको दफा संख्यामा प्रतिक्रियावाट फछ्र्यौट एवं समायोजन गरी बाँकी दफा कायम गरीएको छ। लेखापरीक्षणको क्रममा रु.७ लाख ६५ हजार र प्रतिक्रियाबाट रु.१ लाख ३५ हजार समेत रु.९ लाख असुल भएको छ।

बाँकीबेरुजू मध्ये असुल उपर गर्नुपर्ने रु. १७ लाख १९ हजार, अनियमित रु.६ करोड ९८ लाख ६१ हजार र पेश्की रु.७ करोड ७ लाख २७ हजार रहेको छ। यस सम्वन्धि विवरण अनुसूची २ मा उल्लेख छ।

३. **सुझाव** : तोकिएको प्रक्रिया अपनाइ समयमै बेरुजू फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हो। प्राप्त अख्तियारीबमोजिम कार्यसञ्चालन गर्ने, जिम्मा लिने, खर्च गर्ने, लेखा राख्ने, बेरुजू फछ्र्यौट गर्ने गराउने, सरकारी नगदी जिन्सी असुलउपर गर्ने गराउने तथा दाखिला गर्ने र सरकारी कामको जिम्मा लिने व्यक्तिलाई कानुनले जिम्मेवार व्यक्ति तोकेको छ। बेरुजू औंल्याइएका कार्यालय र जिम्मेवार पदाधिकारीको नामावली अनुसूची ४ मा दिइएको छ।

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९८ अनुसार असुलउपर गर्नुपर्ने देखिएको बेरुजू जिम्मेवार व्यक्तिबाट समयमै असुलउपर गरी फछ्र्यौट गर्नुपर्दछ।

अनियमित बेरुजूको हकमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २१(२) र नियम १००(३) बमोजिम सरकारी हानि नोक्सानी भए नभएको यकिन गरी प्रचलित कानुनको रीत पुऱ्याउनुपर्नेमा रीतसम्म नपुगेको तर सरकारी हानि नोक्सानी नभएको अवस्थामा यथेष्ठ प्रमाण र मनासिब कारणसहित नियमित गरेर फछ्र्यौट गर्नुपर्दछ। तर सरकारी नगदी जिन्सीको हानि नोक्सानी भएको अवस्थामा जिम्मेवार व्यक्तिउपर नियमानुसार कारबाहीसहित हानि नोक्सानी भएको रकम असुलउपर गरी अनियमित बेरुजू फछ्र्यौट गर्नुपर्दछ। प्रमाण पेश नभएको अनियमित व्यहोरा सम्बन्धमा प्रमाण कागजात पेश गरी फछ्र्यौट गर्नुपर्दछ।

पेश्की बेरुजू अन्तर्गत म्याद नाघेको पेश्की आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ अनुसार कारबाही गरी र म्याद बाँकी रहेको पेश्कीको हकमा सम्झौता वा कबुलियतनामामा अनुसार फछ्र्यौट गर्नु गराउनुपर्दछ।

# कार्यालयगत लेखापरीक्षण व्यहोरा

## जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय नं १९

१. **आन्तरिक नियन्त्रण प्रणाली :** कार्यालयले प्रचलित ऐन नियमको पालनागरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ। आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा वार्षिक खरिद योजना तयार नगरेको, उपभोक्ता समितिको कामको प्राविधिक मूल्यांकन, बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजात समितिको बैठकबाट अनुमोदन एवं प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस नगरेको, निर्माण कार्य सम्पन्न गरीसकेपछि कुल खर्चको विवरण सहित रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी तोकी योजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको जस्ता व्यहोराहरु देखिएका छन्। प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ।

२. **खर्च संरचना :** स्वीकृत बार्षिक कार्यक्रम तोकिएको चौमासिकमा कार्यक्रम सञ्चालन गर्नुपर्नेमा पूँजीगत खर्चतर्फ कुल खर्चको पहिलो चौमासिकमा शून्य प्रतिशत, दोस्रो चौमासिकमा १५.८१ प्रतिशत र तेस्रो चौमासिकमा ८४.१८ प्रतिशत खर्च भएको छ। तोकिएका कार्यक्रम समयमा सम्पन्न गर्नुपर्दछ।

३. **कन्टिन्जेन्सी खर्च :** सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत कण्टिन्जेन्सी वापत खर्च गर्ने व्यवस्था रहेको छ। यस्तो खर्चको आयोजनागत अभिलेख राख्नुपर्नेमा यो वर्ष नदी नियन्त्रण कार्यमा रु ३८ लाख ८० हजार र टार वजार कार्यक्रममा र १ लाख २० हजार कन्टिन्जेन्सी खर्च गरेकोमा कार्यालयले कन्टिन्जेन्सी खाताको आयोजनागत अभिलेख नराखेको र कन्टिन्जेन्सी वाट गरीएको खर्च नियममा उल्लेख भए अनुसारको प्रत्यक्ष खर्च नदेखिएको हुदा संवन्धीत निकायवाट स्पष्ट नीति तयार गरी कन्टिन्जेन्सी खर्च गर्नुपर्ने देखिन्छ।

४. **खरिद कार्यमा प्रतिस्पर्धा** : सार्वजनिक खरिद ऐन,२०६३ को दफा ६९(१) र नियमावली २०६४ को नियम १४६(२) मा बोलपत्रमा पर्याप्त प्रतिस्पर्धा गराउन विद्युतीय सञ्चार माध्यम बाट वोलपत्र आह्वान गर्न सकिने व्यवस्था रहेको छ। कार्यालयले यो वर्ष ४ वटा खरिद सम्झौता भएको देखियो। नदी नियन्त्रण कार्यक्रम अन्तरगतको २ वटा योजनामा भने लागत अनुमान कै हाराहारीमा ठेक्का संझौता भएको देखियो। प्रतिस्पर्धा सिमित नहुने गरी खरिद कार्य गर्नुपर्दछ।

५. **लक्ष्य तथा प्रगति** : कार्यालयले तोकिएको कार्यक्रमहरु तोकिएको समय र बजेटको परिधीभित्र रही लक्ष्य अनुसारको प्रगति हासिल गर्नु पर्दछ। कार्यालयबाट प्राप्त बार्षिक प्रगति विवरणमा विभिन्न ५ कार्यक्रम संचालन नभई प्रगति शुन्य रहेकोमा कारण खुलाएको छैन। लक्ष्य वमोजिम कार्यक्रम संचालन गर्नुपर्दछ।

६. **आयोजनाको प्राथमिकरण :** आपतकालीन तथा वाढि पहिरो पुन: स्थापन कार्यक्रम अर्न्तगत आपतकालीन/आवश्यक मर्मत सम्भारको लागि प्रथम चौमासिकमा रु ११ लाख ९ हजार र तेस्रो चौमासिकमा रु ५ लाख १ हजार समेत रु. १७ लाख वजेट व्यवस्था भएको देखिन्छ। प्राप्त वजेटलाई खर्च गर्ने स्थानको प्राथमिकरण गरी कार्यक्रम स्वीकृति गर्नु पर्नेमा पूर्व योजना एवं कार्यक्रमस्थल छनौट नगरी पटक पटक विभिन्न ५ योजनामा रु १७ लाख २६ हजार खर्च गरेको देखियो। आवश्यकताको प्राथमिकरण गरेर मात्र योजना सञ्चालन गर्नुपर्दछ।

७. **सोभ्कै खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ मा खरिद विधि छनौट गर्नु पर्ने र प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारि खरिद गर्न नहुने उल्लेख छ । साथै रु. १० लाख रुपैया भन्दा वढि लागत अनुमान भएको निर्माण कार्य वोलपत्रद्धारा गराउनु पर्ने व्यवस्था भएकोमा कार्यालयले विभिन्न निर्माण कार्यको खुला दरभाउपत्र लिई रु २६ लाख २६ हजारको कार्य सोभ्कै गरेको नियम सम्मत देखिएन ।

## जिल्ला प्राविधिक कार्यालय

१. **पूर्व निर्धारीत क्षतिपूर्ति :** सार्वजनिक खरिद नियमावली, २०६४ नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईको कारणले सम्भ्कौता वमोजिमको काम तोकिएको म्यादमा कार्य सम्पन्न हुन नसकेमा संभ्कौता रकममा प्रति दिन ०.०५ प्रतिशतका दरले पुर्व निर्धारीत क्षतिपुर्ति असुल हुनुपर्दछ। कवोल अंक रु.१५ लाख ३० हजार रहेको वाग्दुल्ला मच्छी ठुलावेसी सडकमा ग्रावेल सप्लाई गर्ने कार्य २०७२।६।३० सम्म काम सम्पन्न गर्नु पर्नेमा सो अवधिमा कार्य सम्पन्न गर्न नसकेको कारण चैत्र मसान्तसम्म म्याद थप माग गरेकोमा कार्यालयले म्याद थप गरेको नदेखिंदा निर्माण व्यवसायीले २०७२।१२।२६ मा विल पेश गरेकोले ५ महिना २५ दिन काममा ढिलाई गरेकोले प्रति दिन ०.०५ प्रतिशतका दरले हुने रु १ लाख १८ हजार पूर्व निर्धारीत क्षतिपूर्ति असुल हुनु पर्दछ ।

२. **असम्वन्धीत खर्च :** निर्माण कार्यसंग सम्वन्धीत कार्यमा मात्र कन्टिन्जेन्सी वाट खर्च गर्न सकिनेमा निर्माण कार्यसंग प्रत्यक्ष सम्वन्धीत नभएका विभिन्न कार्यमा रु ७१ हजार खर्च गरेको छ ।

३. **पेश्की :** विभिन्न १० निर्माण व्यवसायीहरुलाई दिएको पेश्की रु ४९ लाख ३५ हजार नियम बमोजिम फछ्र्यौट गर्नु पर्दछ ।

४. **कार्यक्रम संशोधन वेगर खर्च :** आर्थिक कार्यविधि नियमावली ,२०६४ को नियम २३ मा स्वीकृत कार्यकम वमोजिम बजेट खर्च गर्नु पर्नेमा कार्यालयले विभिन्न २ कार्यक्रममा रु ३ लाख ७० हजारको फरक कार्य गरेकोमा कार्यक्रम संशोधन गरेको छैन ।

## जिल्ला विकास समितिको कार्यालय

१. **बैक समायोजन :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४३(५) अनुसार जिल्ला विकास समितिको कार्यालयले बचत रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ । यो वर्ष कार्यालयले आर्थिक बर्षको अन्त्यमा स्रेस्ता अनुसार रु ७ करोड ७१ लाख ६७ हजार बैंक मौज्दात रहेको आय व्यय विवरण पेश गरेकामा सो को वैक हिसाव विवरण तयार गरेको छैन ।

२. **आन्तरीक लेखापरीक्षण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५८(ञ) अनुसार गठित आन्तरिक लेखापरीक्षण शाखाले जिल्ला विकास समिति र गाउं विकास समितिको आन्तरिक लेखापरीक्षण मासिक रुपमा नगरी वर्षको अन्त्यमा मात्र गर्ने गरेको छ । कार्यालयले जनशक्ति कम रहेको जवाफ दिएतापनि नियमानुसार आन्तरिक लेखापरीक्षण गर्नु गराउनु पर्दछ ।

३. **उपभोक्ता समितिको अनुगमन :** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को ५१ मा वित्तीय सुशासन जोखिम न्यूनीकरण सम्बन्धी व्यवस्था अनुसार उपभोक्ता समितिको लेखा दुरुस्त गरी खर्चको विल भर्पाइ राखे नराखेको अनुगमन गरेको छैन ।

४. **बेरुजू लगत र सम्परीक्षण** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम ५८(ज) अनुसार आन्तरिक लेखापरीक्षण शाखाले गाउं विकास समितिहरुको २०७१।७२ सम्मको अन्तिम लेखापरीक्षण प्रतिवेदन अनुसार वेरुजुको लगत अध्यावधिक तथा अनुगमन गरी सम्परीक्षण गरेको देखिएन । खर्चको नियमितता र पारदर्शीता कायम गराउन समयमै सम्परीक्षण गर्न लगाउनुपर्दछ ।

५. **सम्भाव्यता अध्ययन** : स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम १९९ अनुसार निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम अन्तरगतका रु २ करोड ८२ लाख लागतका २८ योजनाहरु सम्भाव्यता अध्ययन, गुरु योजना, स्रोत नक्सा, इलाका विचको सन्तुलन लगायतका प्रावधानहरु विश्लेषण नगरी योजना सञ्चालन गरेकोले दिगोपन र लगानीको प्रतिफलको सुनिश्चितता हुने देखिएन ।

६. **आन्तरिक आय** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २१५, २१६, २१७ र २१८ मा जिल्ला विकास समितिले कर, दस्तुर, सेवा शुल्क र बिक्रीबाट आय आर्जन गर्न सक्ने व्यवस्था छ । ऐनमा भएको उक्त व्यवस्था अनुसार कार्यालयले यो वर्ष कर, दस्तुर, सेवा शुल्क, बिक्रीबाट रु.७९ लाख ७४ हजार आम्दानी गरेको छ ।

कार्यालयले गिटि ढुङगा वालुवा जस्ता आय ठेक्काका व्यवसायीहरुबाट गत वर्षसम्मको रु. १० लाख ५९ हजार सेवा शुल्क, कर दस्तुर र बिक्री बापतको रकम असुल नगरेकोले असुल गर्नु पर्दछ ।

७. **विद्युत्त रोयल्टी** : विद्युत विकास विभागबाट स्थानीय निकाय शसर्त पूँजिगत अनुदान शिर्षकमा गत वर्ष रु. १ करोड १४ लाख १० हजार अख्तियारी प्राप्त भएकोमा यो वर्ष रु. २० लाख १८ हजार अर्थात १७.६८ प्रतिशत मात्र अख्तियारी प्राप्त गरेको देखिन्छ । रोयल्टी प्राप्तीको सुनिश्चितताको आधारमा योजना छनौट गरीनु पर्दछ ।

८. **अनुदान खर्च** : स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९को नं ६०, स:शर्त अनुदान नियम ५४ अनुसार गाउं विकास समितिलाई दिएको सशर्त अनुदान रकम शर्त अनुसार खर्च गर्नुपर्नेमा २०७२।०७३ मा विभिन्न कार्यक्रम सञ्चालनको लागि सशर्त अनुदानस्वरुप पुंजिगत अनुदान ४२ वटा गाउं विकास समितिको खातामा रु.८ करोड २१ लाख ८६ हजार र चालु अनुदान रु १ करोड ८४ लाख १३ हजार अनुदान खच) लेखेको छ । अनुगमन प्रतिवेदन र भौतिक प्रगति प्रतिवदन तथा लेखापरीक्षण प्रतिवेदन प्राप्त नभएकोले खर्च र उपलब्धीको सुनिश्चितता हुन सकेन ।

९. **प्रशासनिक खर्च** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५५ मा आन्तरिक आय रु. ७९ लाख ७४ हजारको ३० प्रतिशतले रु. २३ लाख ९२ हजार मात्र खर्च गर्नुपर्नेमा रु. २९ लाख ९९ हजार खर्च गरेकोले रु ६ लाख ६ हजार सिमा नघाई खर्च गरेको छ । यसमा नियन्त्रण हुनुपर्दछ ।

१०. **गत विगतको भुक्तानी** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६० बमोजिमको ढाँचामा भुक्तानी गर्न बांकी रकम आर्थिक वर्षको अन्त्यमा प्रमाणित गराई राख्नुपर्ने

व्यवस्था भएता पनि २ वटा कार्यक्रमको भुक्तानी दिन बाँकीको प्रमाणित कच्चावारी बेगर रु ३ लाख ८१ हजार भुक्तानी गरेको छ ।

११. **निर्माण सामग्री मौज्दात :** कार्यालयले आवश्यक पर्ने सामग्रीको पहिचान तथा सर्वेक्षण गरी मालसामान खरिद गर्नुपर्नेमा ग्याविन तार ,एच.डि.पि. पाइप र जि.आई. पाइप समेत रु.२० लाख ३७ हजार मूल्यका सामानहरु मौज्दात रहने गरी खरिद गरेकोले यस्तो खरिद कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

१२. **करारमा कर्मचारी नियुक्ति** : स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २१३ मा रिक्त रहेको पद, नयाँ नियुक्ति, बढुवाद्वारा पूर्ति गरीने र कुनै पद सिर्जना वा रिक्त रहेको १ वर्षसम्म पदपूर्ति नभएमा स्वत: खारेज हुने व्यवस्था छ । कार्यालयले १ वर्षभन्दा बढी रिक्त रहेको पदहरुमा ४ जना कर्मचारी करारमा नियुक्ति गरी तलब भत्तामा रु.६ लाख ७५ हजार खर्च गरेको छ । आवश्यकतानुसार प्रतिस्पर्धात्मक रुपमा सूचना प्रकाशन गरी कर्मचारी नियूक्ती गर्नुपर्दछ ।

१३. **पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १८२(३) अनुसार निर्दिष्ट कामको लागि लिएको पेश्की तोकिएको म्यादभित्र फछ्र्यौट गर्नु गराउनु पर्दछ । कार्यालयले विभिन्न कामको लागि दिएको पेश्की आर्थिक वर्षको अन्तसम्म फछ्र्यौट नगरेको देखिंदा नियमानुसार रु १ करोड ९८ लाख ८ हजार फछ्र्यौट गर्नु गराउनु पर्दछ ।

१४. **पेश्कि खाता :** आर्थिक कार्यविधि ऐन,२०५५ को दफा १० वमोजिम कारोवारको लेखा प्रणाली नेपाल सरकारले तोकिदिए वमोजिम राख्नुपर्ने व्यवस्था भएतापनि म.ले.प.फा. न. २२ पेश्की वाँकी खाता राखेको देखिएन । रितपूर्वकको पेश्की खाता राखी अद्यावधिक गरीनु पर्दछ ।

१५. **अख्तियारी :** आर्थिक कार्यविधि नियमावली,२०६४को नियम ३२ (२) वमोजीम वजेट विवरण र खर्च गर्ने अख्तियारी आर्थिक वर्ष शुरु भएको १५ दिन भित्र विभागीय प्रमुखले कार्यालय प्रमुखलाई दिनुपर्ने व्यवस्था भएता पनि २०७३ आषाढ महिनामा मात्र रु २ करोड ५६ लाख ४६ हजार प्राप्त भएको देखियो । तोकीए वमोजीमको अवधिमा तालुक निकायले वजेट तथा अख्तियारी पठाउनु पर्ने देखिन्छ ।

१६. **योजना सम्पन्न तथा हस्तान्तरण :** जिल्ला विकास समिति अनुदान सिंचाई तथा सामाजीक विकास निर्वाचन क्षेत्र पूर्वाधार आन्तरिक श्रोत लगायत विभिन्न शिर्षक वाट यस आर्थिक वर्षमा १८७ योजना सम्पन्न भएकोमा ९१ योजना हस्तान्तरण भएको विवरण पेश भएको छ । सम्पन्न मध्ये ४८.६६ प्रतिशत योजना मात्र हस्तान्तरण भएकोले वाँकि योजना हस्तान्तरण गर्नु पर्दछ ।

१७. **आषाढ महिनाको खर्च** : चौमासिक रुपमा वार्षिक कार्यक्रम स्वीकृत गरी सोही बमोजिम चौमासिक रुपमा लक्ष्य तोकी बजेट विनियोजन गरीए अनुसार खर्च गर्नु पर्दछ । बार्षिक खर्च रु ५२ करोड ९३ लाख ७० हजार मध्ये तेस्रो चौमासिकमा रु २७ करोड ८० लाख ८७ हजार खर्च गरेको र आषाढ महिनामा मात्र रु १० करोड ५७ लाख ९० हजार खर्च भएको छ । तेस्रो चौमासिक र आषाढ महिनाको खर्चको समग्र प्रतिशत क्रमश: ५२ र २० प्रतिशत रहेको छ । तेस्रो चौमासिक र आषाढ महिनामा विनियोजित रकमको ठूलो अंश वर्षको अन्त्यमा खर्च भएको सम्बन्धमा बजेट खर्च गर्ने अख्तियारी ढिलो प्राप्त भएको, अधिकांश योजनाहरुको फरफारक आषाढ महिनामा हुने भएकोले तेस्रो चौमासिक र आषाढ महिनामा बढी खर्च भएको कार्यालयले जनाएको छ ।

योजनाको अनुगमनमा चाप परी गुणस्तरमा प्रभाव पर्ने भएकोले आर्थिक वर्षको अन्तमा मात्र खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

१८. **अग्रीम कर**– आयकर ऐन, २०५८ बमोजीम कार्यालयले विभिन्न भुक्तानीमा नियमानुसार कर कट्टा नगरेको रु २ हजार असुल गरी राजश्व दाखीला गर्नुपर्दछ ।

१९. **अनुगमन प्रतिवेदन** : जिल्ला स्वास्थ्य कार्यालय र महिला तथा वालवालिका कार्यालयलाई जनसंख्या सम्बन्धी तोकिए वमोजिमका विभिन्न कार्यक्रमहरु संचालन गर्नको लागि रु. ३८ लाख ५८ हजार उपलब्ध गराउँदा संचालित कार्यक्रमहरुको भौतिक तथा वित्तिय प्रगति एवं अनुगमन प्रतिवेदन जिल्ला विकास समितिको कार्यालयमा पठाउनु पर्ने उल्लेख गरेकोमा संचालीत कार्यक्रमको प्रगति अनुगमन प्रतिवेदन लिएको देखिएन । अनुगमन तथा भौतिक प्रगति प्रतिवेदन प्राप्त नहूँदा कार्यक्रमको प्रभावकारीता मूल्यांकन हुनसकेन ।

२०. **स्टिल पार्टस खरिद** : वल्ले खोला बाटुले गल्याङच्छयाङ र कल्लेरी झोलुङगेपुलको लागि विभिन्न स्टिल पार्टसहरु वोलपत्रबाट खरिद गर्न मूल्य अभिवृद्धि कर सहित रु २६ लाख ३९ हजारमा संझौता भएको देखिन्छ । संम्झौताको बुंदा नं. १३ अनुसार स्पेशिफिकेसन र गुणस्तर आश्वस्तता गरे। मात्र सामान प्राप्त गर्नुपर्नेमा गुणस्तर आश्वस्तता प्रमाणित वेगर नै सामान प्राप्त गरी खर्च गरेको देखियो । जसले गर्दा तोकिएको गुणस्तर एवं स्पेशिफिकेसन बमोजिमको सामान आपूर्ति भए नभएको आस्वस्त हुने अवस्था रहेन ।

२१. **कार्यक्रम शंसोधन** : झोलुङ्गे पूलहरुको फाउण्डेसन निमार्ण गर्नको लागि विभिन्न उपभोक्ता समितिहरु रहने र ति उपभोक्ता समितिले सिमेण्ट लगायतका सामानहरु खरिद गरेको आधारमा कार्यालयले खर्च लेखांकन गरेको देखिन्छ । उपभोक्ता समितिले सामान खरिद गर्दा झोलुङ्गे पुलको स्वीकृत इष्टिमेटको परिमाणमा आधारीत भइ खरिद गरी भुक्तानी माग गर्नुपर्नेमा ३ वटा झोलुङ्गे पुलहरुमा स्वीकृत इष्टिमेट परिमाण भन्दा ५० वोरा सिमेण्ट वढि परिमाणमा खरिद गरेको देखाइ वढि खर्च लेखांकन गरेको रकम असुल हुनु पर्दछ ।

२२. **पूर्वनिर्धारित क्षतिपूर्ति** : सार्वजनिक खरिद नियमावलीको नियम १२१ वमोजीम निर्माण व्यवसायीको कारणले काममा ढिलाइ भएमा सम्झौता रकमको १० प्रतिशतमा नवढ्ने गरी पूर्वनिर्धारीत क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ । चुंजा खोलामा पक्कि पुल निमार्ण गर्नको लागि रु १ करोड २८ लाख ३२ हजारको ठेक्का सम्झौता भएको छ । निमार्ण व्यवसायी संग सम्झौता मितिले १५ महिना भित्रमा काम सम्पन्न गर्नुपर्ने गरी २०७२ वैशाख १० मा सम्झौता भइ दोश्रो रनिङ विलसम्ममा रु ९५ लाख ४३ हजार भुक्तानी गरेको देखिन्छ । गिथ्रि ढुङ्गा वालुवा निकाल्न नदिएको, वर्षात, निर्माण सामाग्री अभाव जस्ता कारणका आधारमा २०७३/०८/०९ सम्म म्याद थप गरेको देखियो । वर्षातमा खोलानाला वढ्ने कुरा संझौता गर्दानै थाहा हुने हुनाले वर्षात अगाडि नै निर्माण सामाग्री संकलन गर्ने दायित्व निर्माण व्यवसायी स्वयंको हुने हुनाले म्याद थप गर्दा लिइएका आधार नियम सम्मत नरहेकोले यस्ता आधार लिई म्याद थप गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई प्रथम पटक थप गरेको अवधि वाहेक २०७३।८।९ सम्म ३० दिनको सम्झौता अंक रु १ करोड २८ लाख ३२ हजारको प्रतिदिन ०.०५ प्रतिशतका दरले हुने रु १ लाख ९२ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्दछ ।

२३. **प्राविधिक पुष्ट्याई** : सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११८ वमोजीम खरिद सम्झौता वमोजीम कार्य शुरु भइ सकेपछि प्रविधिक कारणवाट कार्यको परीमाणमा थप घट गर्न आवश्यक

परेमा प्राविधिक पुष्ट्याइ सहित भेरीयसन आदेश स्वीकृति गर्नुपर्ने उल्लेख छ । विभिन्न ४ वटा कार्यमा वि.ओ क्यू परीमाण र सम्पन्न कामको परीमाणमा ५१.७२ प्रतिशत देखि २०९.७५ प्रतिशत सम्म परीमाणमा फरक देखिएकोमा सो को प्राविधिक पुष्ट्याइ नगरी वढि परीमाणको रु ३७ लाख ७३ हजार भुक्तानी गरेकोले प्राविधिक पुष्टाई सहित भेरीएशन स्वीकृत हुनुपर्दछ ।

२४. **बजेट निष्क्रिय:** फोहरमैला पूर्वाधार व्यवस्थापन कार्यक्रम अन्तर्गत प्यूठान सदरमुकामको लागि स्यानीटरी ल्याण्डफिल साइट निर्माण गर्न रु १० लाख तथा सामाजिक पूर्वाधार विकास कार्यक्रम अन्र्तगत स्वर्गद्धारी धर्मशाला भवन निर्माणको लागि रु ७५ लाख समेत रु ८५ लाख बजेट व्यवस्था भएकोमा ती कार्यहरु संचालन नभएवाट वजेट निष्क्रिय भै प्रतिफल प्राप्त गर्न सकेको देखिएन । तसर्थ वजेट प्रस्ताव एवं स्वीकृत गर्दा खर्च हुन सक्ने नसक्ने तर्फ विश्लेषण गरीनु पर्दछ ।

२५. **विल भरपाई :** गाउं विकास समिति स्तरमा सम्पूर्ण सरसफाई सम्वन्धी स्थानिय स्तरका बहुसरोकारवाला र क्षमता अधिवृद्धिका लागि ४२ गा.वि.स को खातामा प्रति गा.वि.स. रु ११ हजार का दरले रु.४ लाख ५० हजार वैंक आदेश मार्फत खातामा निकासा गरेको देखिन्छ । २०७३।२।२८ को निर्णयानुसार ती गाउं विकास समितिले कार्यक्रम संचालन गरी विल भर्पाइ तथा प्रतिवेदन पेश गर्नु पर्ने उल्लेख गरेकोमा तद्अनुरुप गरेको देखिएन ।

२६. **मौज्दात** : जि.वि.स कार्यालयमा ५ वटा यूरो फिल्टर खरिद तथा जडान कार्य गर्न रु.१ लाख ४९ हजार खर्च गरेको छ । फिल्टर जडान खर्च र त्यससंग सम्वन्धीत सामानको खर्च भुक्तानी गरीसकेको अवस्थामा फिल्टर जडान गरेको छैन । यूरो फिल्टरहरु स्टोरमा मौज्दात नै रहेकोले कार्यक्रम को उद्देश्य अनुरुप कार्य भएको छैन ।

२७. **मेशिन इक्युपमेन्ट प्रयोग** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (९) अनुसार उपभोक्ता समिति वा लाभग्राहि समूहबाट संचालीत हुने निर्माण कार्य गराउदा मेशीनरी औजार प्रयोग गर्न नपाईने व्यवस्था छ । यस कार्यालयबाट विभिन्न कार्यक्रममा बाटो निर्माण गर्ने कार्यमा उपभोक्ता समूहले एक्जाभेटर एवं ब्रेकर प्रयोग गरी विभिन्न स्थानमा सडक खन्ने कार्य गरी १८ योजनाहरुमा रु. १ करोड ५८ लाख ६५ हजार भुक्तानी गरेको देखियो । संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७०।२।१९ को सचिव स्तरीय निर्णय अनुसार जिल्लामा कार्यक्रम कार्यान्वयन गर्दा मेशीनरी प्रयोग गर्नुपरेमा तोकिएको समितिको निर्णयको आधारमा कार्य गर्नुपर्ने उल्लेख छ । नियमावलीमा भएको व्यवस्था विपरित सचिव स्तरीय निर्णयबाट मेशिनरी इक्यूइपमेन्ट प्रयोग गरी कार्य गराउनु उपयूक्त भएन ।

२८. **खर्च संरचना:** स्वीकृत बार्षिक कार्यक्रम वमोजिम तोकिएको चौमासिकमा कार्यक्रम सञ्चालन गर्नुपर्नेमा पूँजीगत खर्चतर्फ कुल खर्चको पहिलो चौमासिकमा शून्य प्रतिशत, दोस्रो चौमासिकमा ५१.३४ प्रतिशत र तेस्रो चौमासिकमा ६६.५७ प्रतिशत खर्च भएको छ । तोकिएका कार्यक्रम समयमा सम्पन्न गर्नुपर्दछ ।

२९. **मर्मत सम्भार विशेष कोष :** समितिको २०७२।६।१९ को निर्णय अनुसार स्थानीय यातायात पूर्वाधार कार्यक्रम अर्न्तगत ग्रामिण सडक अन्तर्गत सडक मर्मतको लागि छनौटमा परेका सडकहरुको सम्वन्धीत उपभोक्ता समितिवाट मर्मत गराई २०७२ असोज मसान्त भित्र मर्मत सम्पन्न गर्ने र सम्पन्न कामको आवश्यक विल भर्पाइ कार्तिक मसान्त भित्र कार्यालयमा पेश गरी सक्नु पर्ने अन्यथा निकासा नदिने उल्लेख छ । कार्यालयले विभिन्न ९ वटा सडक मर्मत संभार कार्यमा सो

समय भन्दा पछाडीका कार्य सम्पन्न र विलभर्पाइको आधारमा रु ३ लाख ६० हजार खर्च गरेको छ ।

३०. **स्थानिय निकायको लेखापरीक्षण** : यस जिल्लामा रहेका ४२ गा.वि.स को लेखापरीक्षणका लागि १४ जना लेखापरीक्षक लाई ९० दिनको म्याद दिई २०७३।९।२६ मा नियूक्त गरेको छ । सो मध्ये ३ वटा गा.वि.स को रु १ करोड ३४ लाखको लेखापरीक्षण सम्पन्न भएको विवरण प्राप्त भएको छ । लेखापरीक्षणको लागि लेखापरीक्षक नियूक्ति भइसकेको जवाफ छलफलमा प्राप्त भएको छ ।

३१. **वढि भुक्तानि** : सि एफ एल जि अभिमुखिकरण कार्यक्रममा स्वीकृत रकम भन्दा रु ६ हजार वढी भुक्तानी गरेको रकम असूल हुनुपर्दछ ।

## जिल्ला स्वास्थ्य कार्यालय

१. **बार्षिक कार्यक्रम र प्रगति सम्बन्धमाः** कार्यालयले तोकिएको कार्यक्रमहरु तोकिएको समय र बजेटको परिधीभित्र रही लक्ष्य अनुसारको प्रगति हासिल गर्नुपर्ने साथै भौतिक प्रगति र वित्तीय प्रगति बिच तालमेल हुनुपर्दछ । कार्यालयबाट पेश भएको बार्षिक प्रगति प्रतिवेदन अनुसार विभिन्न ६ वटा कार्यक्रमहरुमा लक्ष्य अनुसार वित्तिय खर्च शुन्य प्रतिशत देखि ६८.७५ प्रतिशत सम्म गरेको छ । न्यून वित्तिय खर्चले कार्यक्रमको प्रभावकारीता पनि न्यून हुने हुनाले लक्ष्य प्रगति हासिल गर्दा भौतिक तथा वित्तिय दुवैमा सामाञ्जस्यता गरी कार्यक्रम संचालन गरीनु पर्दछ ।

२. **दरवन्दी तथा पदपूर्ति** : कार्यालयबाट प्रकाशित जिल्ला स्वास्थ्य प्रतिवेदन २०७२।७३ अनुसार विभिन्न श्रेणी र तहका ३४४ जना स्वीकृत दरवन्दी रहेकोमा २६१ जना पदपूर्ति भई ८४ पद रिक्त रहेको देखियो । रिक्त पद मध्ये पनि मेडिकल सुपरीटेण्डेण्ट,गाइनाकोलोजिष्ट मेडिकल अधिकृत, एनेस्थेसिया, हेल्थ असिस्टेण्ट र स्टाफ नर्स जस्ता पदहरु रिक्त रहेकोले विशेषज्ञ चिकित्सकहरु तथा स्वास्थ्यकर्मीहरुको पद पूर्ति नहुँदा सेवाग्राहीहरुलाई सेवा उपलब्ध गराउन तथा कार्यालयको उद्देश्य प्राप्तिमा कठिनाई पर्ने हुँदा कार्यालयले रिक्त दरवन्दीका पद पूर्ति गर्न आवश्यक कदम चाल्नु पर्दछ ।

३. **न्यानो झोला सम्बन्धमा** : एकिकृत प्रजनन तथा महिला स्वास्थ्य कार्यक्रममा जिल्ला अस्पताल र सो भन्दा तलका सरकारी स्वास्थ्य संस्थाहरुमा प्रसुति हुने सुत्केरी तथा नवजात शिशुलाई न्यानो झोला ३३०० जनालाई वितरण गर्न रु.२९ लाख ७० हजारको बजेट व्यवस्था भएकोमा ३०८० जनालाई मात्र वितरण भएको, खरिद गरेको मध्ये १८५० झोला शिलवन्दी दरभाउपत्रको माध्यमवाट रु ६६५।५७ का दरले रु १२ लाख ३१ हजारमा खरिद गरको छ भने १२३० झोला रु ८९९।४८ का दरले सिधै बजार खरिद गरी प्रति झोला रु २३३।९१ ले रु २ लाख ८७ हजार वढि व्ययभार परेको छ । यसमा सम्वन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

कार्यालयले शिलवन्दी दरभाउपत्र वाट न्यानो झोला खरिद सम्झौता गर्दा कार्यादेश दिएको मितिले २ महिना सम्ममा सामान आपूर्ति गर्नुपर्ने गरी २०७२।९।२१ मा सम्झौता गरेकोले २०७२।११।२१ सम्ममा आपूर्ति गर्नु पर्ने देखिन्छ । आपुर्तकले २०७३।३।३२ सम्म १०२ दिन म्याद थप माग गरेकोमा म्याद थप गरेको देखिएन सम्झौता रकम रु १० लाख ९० हजारको प्रति दिन ०.०५ प्रतिशतका दरले १०२ दिनको रु ५६ हजार पूर्व निर्धारीत क्षतिपुर्ति असुल हुनु पर्दछ ।

४. **औषधी खरीद सम्बन्धमाः** प्राथमिक स्वास्थ्य सेवा पुर्नजागरण कार्यक्रम अन्तर्गत जिल्ला स्वास्थ्य कार्यालय मातहत संस्थाहरुलाई औषधी खरीद गर्न रु.५० लाखको बजेट व्यवस्था भए अनुसार

अत्यावश्यक औषधिमा १० प्रतिशत छुट्टयाई बाँकि रु ४५ लाखका औषधि वोलपत्रको माध्याम द्वारा खरिद गरेकोमा निम्न व्यहोरा छन्

४.१. कार्यालयले यस प्रकारको औषधी आवश्यकताको पहिचान नगरी कार्यालयलाई प्राप्त बजेट अनुसार औषधी खरिद गरेको देखियो । तसर्थ औषधीको आवश्यक परिणाम पहिचान गरी मात्र खरिद गर्ने व्यवस्था हुनुपर्दछ ।

४.२. कार्यालयले आपूर्ति गरेको औषधी जिन्सी दाखिला गर्नु पूर्व उत्पादन मिति र म्याद सकिने मिति, उत्पादक कम्पनी र ब्याच नम्बर, निशुल्क वितरणको लागि लोगो लगाए नलगाएको विवरण तयार गरी मात्र जिन्सी आम्दानी गर्नुपर्नेमा तदनुसार गरेको देखिएन ।

५. **कारोबारको पारदर्शिता** : स्वास्थ्य क्षेत्रका लागि सामाजिक कार्य संचालन निर्देशिका,२०७१ मा स्वास्थ्य संस्थाले निशुल्क स्वास्थ्य सेवा उपलब्ध गराए बापत सरकारले दिने ईकाइ रकम निशुल्क प्रशुति सेवा र निशुल्क स्वास्थ्य सेवा बापत सेवाग्राहीका लागि आएको निश्चित रकम लगायत स्वास्थ्य संस्थामा भएका अन्य आम्दानी र त्यसको खर्चको विवरण राख्नुपर्ने र आम्दानी खर्चको विवरणको तोकिएको ढाँचामा राख्नु पर्ने उल्लेख गरेको छ । स्वास्थ्य संस्थाहरुले जिल्ला स्वास्थ्य कार्यालयबाट प्राप्त रकम र अन्य आम्दानी रकम समेत बैक खातामा आम्दानी बाँधेर खर्च गर्नुपर्ने र सो को हिसाबकिताब र खर्चको फाँटवारी पठाउनुपर्नेमा जिल्ला स्वास्थ्य कार्यालयले सो अनुसार गरेको छैन । निर्देशिकाले व्यवस्था गरे अनुरुप पालना गरी स्वास्थ्य संस्थाको हिसाब पारदर्शी बनाउनु पर्दछ ।

६. **आमा सुरक्षा** : गर्भवती तथा प्रसुती उत्प्रेरणा सेवा र सुत्केरी आमालाई डिस्चार्ज गरी आमा सुरक्षा कार्यक्रमको यातायात बापतको खर्च बितरण गर्नका लागि खर्च गर्ने अख्तियारी प्राप्त भएपछि स्वास्थ्य संस्था प्रमुख वा निजले जिम्मा दिएको व्यक्तिलाई सेवा लिन आउने अनुमानितको आधारमा पेश्कीको रुपमा उपलब्ध गराई खर्चको विवरण प्राप्त हुन आएपछि पेश्की उपलब्ध गराउनु पर्ने परिवार स्वास्थ्य महाशाखा कार्यक्रम संचालन निर्देशिकामा व्यवस्था गरेको छ । सो निर्देशिकामा सुत्केरी भएर रकम पाएको महिलाको नाम रकम बुझेको जनाई अनिवार्य मासिक रुपमा सूचना पाटीमा टाँस्ने र महिलाले उक्त रकम पाएको निर्क्यौल गर्न सामाजिक लेखापरीक्षण गर्ने व्यवस्था मिलाउने उल्लेख भएकोमा उपरोक्तानुसार नगरी गर्भवती तथा प्रसुती उत्प्रेरणा सेवा र सुत्केरी आमालाई यातायात खर्च बितरणको लागि पटक पटक पेश्की दिई आर्थिक बर्षको अन्तमा मात्र पेश्की फछर्यौट गरेको छ ।

७. **वोलपत्र जमानत जफत** : सार्वजनिक खरिद ऐन,२०६३ वमोजीम वोलपत्र स्वीकृतीको सूचना दिइ सकेपछि कार्य सम्पादन जमानत दाखिला गरी वोलपत्रदाताले सम्झौता गर्न नआएमा वोलपत्रको जमानत रकम जफत गर्नु पर्ने उल्लेख छ। कार्यालयले औषधि खरिदको लागि रु ४५ लाखको वोलपत्र गरी आइटम वाइज रुपमा आपूर्ती को लागि सम्झौता गर्न २ फर्महरुलाई पत्र लेखेकोमा सम्झौता गर्न नआएकोले रु २ लाख ३१ हजार वोलपत्रको जमानत रकम जफत गर्नु पर्नेमा गरेको छैन ।

८. **औषधिको म्याद समाप्त भएको** : प्राथमिक स्वास्थ्य सेवा पूर्नजागरण महाशाखा अन्तरगत संचालन हुने कार्यक्रम निर्देशिका वमोजीम औषधिहरुको म्यादको सम्वन्धमा स्टोरमा दाखिला हुने मितिमा कम्तीमा १८ महिनाको म्याद बाँकी हुनुपर्ने व्यवस्था छ । औषधिको भाण्डारको २०७३।१०।१० मा नमूना छनौटको आधारमा भिटामिन बि कम्प्लेक्स ८००० ट्याबलेट र टि.वि को ८४ ट्याबलेट औषधिहरु म्याद समाप्त भएको देखिन्छ। म्याद समाप्त भएका औषधिहरु भाण्डारमा रहेको सम्वन्धमा कुनै निर्णय गरेको देखिएन ।

९. **नेपाल सरकारको निशुल्क लोगो** : स्वास्थ्य सम्वन्धी पूर्नजागरण निर्देशिका अनुसार स्वास्थ्य संस्थाको लागि प्राप्त औषधिहरुमा **"नेपाल सरकारवाट औषधिको प्रत्येक स्ट्रिपमा नि:शुल्क वितरण"** भन्ने लोगो भएको औषधि मात्र दाखीला गरी वितरण गर्नु पर्ने व्यवस्था छ । भण्डारमा २०७३।१०।१० मा नमुना छनौट गरी परीक्षण गर्दा देखिएका फोलिक एसिड १२५०० ट्याबलेट र एम्लोडिफिन १४००० ट्याबलेट औषधिको स्ट्रिपमा उक्त लोगो राखेको देखिएन । कार्यालयले आगामि दिनमा सुधार गरीने जवाफ दिएको छ ।

१०. **लुगा भत्ता वितरण पेश्की** : प्रजनन स्वास्थ्य कार्यक्रमको महिला स्वास्थ्य स्वयं सेविकाहरुको लुगा भत्ता वितरण गर्नको लागि ४९ वटा स्वास्थ्य संस्थाको ४४१ जना स्वयं सेविकाहरुलाई वितरण गर्न एक कर्मचारीको २०७२।७।२० को निवेदनको आधारमा लुगा भत्ता वितरण गर्न पेश्की दिइएकोछ । स्वयं सेविकाहरुलाई लुगा भत्ता वितरण गर्न पेश्की माग गर्नु पर्ने औचित्य नदेखिदा वैंक खाता मार्फत लुगा भत्ताको रकम खर्च गर्नु पर्ने देखिन्छ ।

११. **लेखापरीक्षण नगराएको** : ख ६ खाता तर्फ आय व्यय विवरणमा उल्लेखित सिप विकास तथा जनचेतनाको कार्यक्रममा खर्च भएको रु ३५ लाख ६० हजारको सक्कल श्रेस्ता राष्ट्रिय क्षयरोग केन्द्रमा पठाएको भनि कार्यालयले २०७३।१०।११ को पत्र द्धारा जानकारी दिएको र उक्त श्रेस्ताको लेखापरीक्षण गरीएको छैन ।

यस कार्यक्रममा रु ६० लाख ४० हजार खर्च गरेकोमा भौतिक र वित्तिय प्रगति प्रतिवेदन पेश गरेको छैन । यसै गरी यू.एन.एफ.पि.ए कार्यक्रम वाट फर्निचर खरिद गर्न एक कर्मचारीलाई पेश्की दिई फछ्र्यौट गरेकोमा कार्यक्रम पेश नभएको तथा सिधै फर्मलाई भुक्तानी दिन सकिने अवस्थामा पेश्की दिइ खरिद कार्य गरेको छ ।

## जिल्ला शिक्षा कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा कार्यालयबाट प्राप्त बार्षिक प्रगति विवरणमा केहि कार्यक्रम संचालन हुन नसकेको,केहि न्यून प्रगति भएको देखिएका छन् । यसरी भौतिक प्रगति र वित्तिय प्रगतिमा सामाञ्जस्यता नदेखिएको, बार्षिक कार्यक्रम अनुसार चौमासिक रुपमा कार्यक्रम संचालन गरी खर्च गर्ने लक्ष्य तोकिएकोमा सो अनुसार खर्च भएको छैन भने आषाढ महिनामा खर्चको चाप वढि रहेको, पेश गरेको जिन्सी निरीक्षण फारम अनुसार मर्मत हुन नसक्ने भनि विभिन्न ७६ आइटमको २४२ थान सामानहरु उल्लेख गरेका लिलामीको कारवाही नगरेको, वार्षिक खरिद योजना तयार नगरेको, अनौपचारकि शिक्षा तथा निरन्तर सिकाई कार्यक्रम कार्यान्वयन गर्दा विगतमा यो कार्यक्रमको सुविधा नपाएका र मूल्यांकनमा उत्कृष्ट ठहरिएका सामुदायिक अध्यापन केन्द्र छनौट गरी निकासा दिनुपर्नेमा छनौट तथा मूल्यांकन गरेको प्रमाण वेगर ३ अध्यापन केन्द्रलाई रु १ लाख ५० हजार निकासा गरेको जस्ता व्यहोराहरु देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **दरवन्दी तथा पदपूर्ति सम्वन्धमा** : कार्यालयवाट पेश भएको जनशक्तिको विवरण अनुसार करार समेत २५ जनाको दरवन्दी रहेकोमा खरिदार २ र सहायक कम्प्यूटर अपरेटर १ समेत ३ पद रिक्त रहेको छ । पद रिक्त रहँदा सेवा उपलब्ध गराउन तथा कार्यालयको उद्देश्य प्राप्तिमा कठिनाई पर्ने हुँदा कार्यालयले रिक्त दरवन्दी पदपूर्ति गर्न आवश्यक कदम चाल्नु पर्दछ ।

३. **बाँकि रकम दाखिला** : उच्च माध्यामिक तहमा प्राविधिक तथा व्यवसायिक शिक्षा तथा डिप्लोमा सञ्चालन गर्ने विद्यालयहरुको लागि सामाग्री सहयोग अनुदान र उक्त विद्यालयहरुमा पठन पाठन गर्ने विद्यार्थिहरुको लागि आर्थिक सहयोग अन्तरगत प्रथम र दोश्रो चौमासिकमा रु ९ लाख कृषि सामाग्री सहयोग रु १ लाख सहित रु १० लाख शसर्त अनुदानको रकम सम्वन्धित विद्यालयले जिल्ला शिक्षा कार्यालयमा २०७३।३।३१मा अनुदान रकम मध्ये रु ५ लाख ३८ हजार मात्र खर्च भएको विवरण कार्यालयमा पेश गरेकोले बाँकि रु ४ लाख ६२ हजार शसर्त अनुदानको खर्च नभई वांकी रकम फिर्ता प्राप्त गरी संचित कोष दाखिला हुनुपर्दछ ।

४. **शसर्त अनुदान** : प्राविधिक तथा व्यावसायीक शिक्षाको प्रवन्धवाट सिपयुक्त जनशक्ति उत्पादन गरी श्रम वजारमा सहज प्रवेशको ल्याब सामग्री सहयोग सशर्त अनुदान रु ३० लाख वजेट व्यवस्था गरेको छ । प्राविधिक धारका विद्यालय मध्ये प्राथमिकताको आधारमा एक विद्यालयलाई सो रकम निकासा गरेकोमा उक्त रकमको अनुगमन गरी जिल्ला कार्यान्वयन समितिले प्रतिवेदन दिएको देखिएन भने सामाजीक लेखापरीक्षण गराएको समेत नदेखिदा उक्त कार्यक्रमको प्रभावकारीता विश्लेषण हुन सक्ने अवस्था रहेन । तसर्थ शसर्त अनुदानको रकमको प्रयोगको सुनिश्चितता कार्यालयले गर्नुपर्दछ ।

५. **विद्यालय भवन निर्माण कार्य सम्पन्न प्रतिवेदन** : स्वीकृत वार्षिक कार्यक्रम अनुसार सामुदायिक विद्यालयहरुको भौतिक सुविधा वृद्धि गर्नको लागि विद्यालय भवन, शौचालय, खानेपानी व्यवस्थापन, छात्रा शौचालय, भूकम्पबाट अधिक क्षति भएका विद्यालयहरुको मर्मत तथा फर्निचर व्यवस्थापन गर्नका लागि विद्यालयको खातामा रकम निकासा गरेको आधारमा भौतिक तथा वित्तिय प्रगति देखाउनु पर्नेमा निकासा कै आधारमा शत प्रतिशत देखाएकोले वित्तिय र भौतिक प्रगतिमा सामञ्जस्यता देखिएन । विभिन्न ३४ विद्यालयहरुलाई रु ४ करोड ४७ लाख निकासा गरेको निर्माण कार्यको निर्देशिकाले तोके वमोजीम कार्य सम्पन्न प्रतिवेदन पेश नगरेकोले प्रमाणित कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्दछ ।

## डिभिजन सडक कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेखित व्यहोरा बमोजीमका साधनको मर्मत तथा लिलामी नगरेको, रसिद नियन्त्रणखाता तथा दैनिक राजस्व प्राप्त रकम बैंक दाखिला खाता म.ले.प.फा.न.२३ समेत नराखेको विभिन्न ६ वटा वजेट उपशिर्षकहरुमा आषाढ महिनामा रु ७ करोड ७० लाख ५ हजार थप अख्तियारी प्राप्त भएको,चौमासिक विभाजनको आधारमा खर्च गर्नु पर्नेमा विभिन्न १३ वजेट उपशिर्षकमा तेश्रो चौमासिकमा ८४.९७ प्रतिशत र आषाढमा मात्र ४६.०७ प्रतिशत खर्च भएको, २ निमार्ण व्यवसायीहरुको कार्यसम्पादन जमानत निर्माण कार्यको त्रुटि सच्याउने दायित्वको अवधि भन्दा एक वर्ष कम रहेको, सबै निर्माण कार्यमा साइटमा कार्य गरेको आधारमा १० प्रतिशत मात्र पेश्की दिनुपर्नेमा निर्माण सामग्री तथा मेशिन इक्यूपमेन्ट परिचालन गरेको प्राविधिक शिफारिसका आधारमा दोश्रो किस्ता अर्थात थप १० प्रतिशत पेश्की दिने गरेको, निर्माण कार्यका अन्तरिम भुक्तानी प्रमाणको कार्यपरिमाणमा लुज शिटमा मात्र तयार नापी किताव बेगर गरी भूक्तानी गर्ने गरेको, धरौटी रु १ लाख २२ हजार घटी जिम्मेवारी सारेको जस्ता व्यहोराहरु देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **प्रगतिको समग्र स्थिति** : स्वीकृत वार्षिक कार्यक्रम अनुसार संचालित कार्यक्रममा तोकिएको लक्ष्य वमोजीम प्रगति गरीनु पर्दछ। पेश भएको प्रगति विवरण अनुसार यो वर्षको कुल कार्यक्रम संख्या ९८ रहेकोमा २ कार्यक्रममा शुन्य प्रगति, ११ मा २५ प्रतिशत सम्म, २९ मा ५० प्रतिशत सम्म र ५६ कार्यक्रममा ७५ प्रतिशत सम्म प्रगति गरेको देखिन्छ। तोकिए बमोजिम प्रगति हासिल गर्न कार्यालय प्रयत्नसील हुनुपर्दछ।

३. **म्याद थप सम्वन्धमा** : सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२० मा म्याद थप गर्ने व्यवस्था छ। निमार्ण कार्यमा तोकिएको समयमा ठेक्का सम्पन्न नभएमा पूर्वनिर्धारित क्षतिपुर्ति लिई वा नलिई म्याद थप गरी निर्माण कार्य गराउनु पर्दछ।

३.१. कार्यालयवाट प्राप्त विवरण अनुसार विभिन्न वजेट उपशिर्षकवाट खर्च गरीने कार्यक्रममा ४२ वटा ठेक्कामा म्याद थप गरेकोमा शुरु अवधिको ५० प्रतिशत सम्म १५, ५१ देखि शतप्रतिशतसम्म २७ वटा ठेक्काको ठेक्कामा म्याद थप गरेको देखियो। ५१ देखि शतप्रतिशत म्याद थप गरेवाट निर्माण व्यवसायीले कार्यमा ढिलाई गरेको देखिन्छ। कार्यालयले कार्यतालिका वमोजिम कार्य गर्नुपर्दछ।

३.२. लिवाङ्ग माडीचौर जिनवाङ्ग सडक निर्माणको सडक लागि एक निर्माण व्यवसायी संग २०७२।११।१२ सम्ममा काम सम्पन्न गर्ने गरी रू १करोड ६० लाख ९४ हजार मा सम्झौता भएको छ। २०७२।०७३ तेश्रो रनिङ्ग विल सम्ममा रु ४८,५३,४०१। खर्च गरेको देखिन्छ। २०७२।१२।१ मा भूकम्प तथा नाकावन्दीको कारण देखाई निर्माण व्यवसायीले एक वर्ष म्याद माग गरेकोमा ६ महिना अर्थात २०७३।६।६ सम्म म्याद थप गरेको देखिन्छ। म्याद थप गर्दा शंसोधित कार्यतालीका पेश नहुनुका साथै थप भएको म्याद समेत समाप्त भई सकेको अवस्थामा कार्यसम्पन्न गरेको छैन।

४. **प्राविधिक पुष्ट्याई** : ठेक्का नं ०७१।७२।४३ कपुरकोट–जिनावाङ्ग–राँक सडक रोल्पामा सडक एक निर्माण व्यवसायी लाई पाँचौ तथा अन्तिम विल रु ३३ लाख ६५ हजार भुक्तानि गरेकोमा उक्त ठेक्काको कुल लागत अनुमान रु ४ करोड १९ लाख ४४ हजार रहेकोमा कवोल अंक रु २ करोड २५ लाख १४ हजार को कार्य सम्पन्न प्रतिवेदन अनुसार रु २ करोड २५ लाख १३ हजार खर्च भएको देखिन्छ। सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११८ वमोजिम निर्माण कार्य शुरु भइसके पछि कार्यको परिमाणमा थपघट गर्नु परेमा प्राविधिक पुष्टयाई गर्नुपर्ने उल्लेख गर्नु पर्नेमा विभिन्न ३ कार्यमा वि.ओ.क्यु.परिमाण भन्दा घटि/वढि कार्य गरेकोमा प्राविधिक पुष्टयाई गरेको देखिएन।

५. **भिंग्रि स्वर्गद्धारी सडक** : ठेक्का नं ०७१।७२–४१ को उक्त सडक निर्माणको लागि रु ५ करोड ३३ लाख ८९ हजार लागत अनुमान भइ २०७३।२।१७ सम्ममा काम सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग रु २ करोड २९ लाख २६ हजारमा ठेक्का संझौता भएको छ। यो वर्ष रु १ करोड ५० लाख वजेट व्यवस्था भएकोमा चौथो रनिङ्ग विल वाट रू १७ लाख १५ हजार समेत रू १ करोड ६५ लाख ९७ हजार खर्च गरेको देखिन्छ। २०७३।२।९ मा निर्माण व्यवसायीले ६ महिना म्याद थपको लागि निवेदन दिएकोमा कारवाही गरेको देखिएन। सम्झौता गर्दा पेश गरेको कार्यतालीका वमोजिम २०७२ माघ १७ सम्ममा काम सम्पन्न गर्नु पर्ने देखिन्छ। शंसोधित कार्यतालीका पेश नगरेको, हाल सम्मको भौतिक प्रगति नखुलाएको र वित्तिय खर्च ६५.२२ प्रतिशत मात्र भएको उल्लेख छ। अतः निर्माण व्यवशायीबाट बांकी कार्य सम्पन्न गराउनु पर्दछ।

सो ठेक्काको आइटम नं २ मा पर्खालको लागि माटो खन्ने काम ९४०.५६ घ.मी गर्ने उल्लेख गरेकोमा चौथो विल सम्म सो कार्यमा ३७५७.०२ घ.मि काम गरेको ले २८१६.४६ घ.मी दर ५० ले हुने रू १ लाख ४१ हजारको प्राविधिक पुष्टयाई गरेकोछैन ।

६. **अधुरो पुल :** २०६५।०६६ मा शुरु भएको माडी खोला पुल (लिवाङ्ग–घर्ति गाँऊ सडक) निर्माण कार्यको लागि कुल लागत रु ५ करोड १ लाख २५ हजार रहेकोमा गत वर्ष सम्ममा रु २ करोड ४८ लाख ९१ हजार खर्च गरेको छ। यो पर्ष रु. २० लाख बजेट व्यवस्था भएता पनि खर्च गरेको देखिएन । आयोजना शुरु भएको ८ वर्ष व्यतित हंदा वित्तिय खर्च ५०.६५ प्रतिशत मात्र गरेको र निर्माण व्यवसायीले पुल संरक्षण र नदी नियन्त्रण एवं पहुँच मार्ग सम्वन्धी केही कार्य गरेकोमा हाल योजना स्थगित भएको अवस्था छ । काम नगर्ने निर्माण व्यवसायीको ठेक्का तोडी कालो सुचीमा राख्ने तर्फ कारवाही गरेको पनि छैन ।

७. **पुल निर्माण कार्य :** ठेक्का नं. २०७२।०७३।१ माडी नदि भिंगृ ४ मा जलुके नल्सी जोड्ने वेल्वास ८ मा पूल निर्माण कार्य गर्नको लागि लागत अनुमान रु १० करोड २५ लाख ८१ हजारमा २०७५ साल आश्विन १५ सम्ममा काम सम्पन्न गर्नु पर्ने गरी २०७३/१/१६ मा एक निर्माण व्यवसायीसंग रु ९ करोड ८४ लाख ९५ हजार मा सम्झौता गरेको मा निम्न व्यहोरा देखिएका छन्:

७.१. सम्झौताको दफा ४९.१ वमोजिम काम सम्पन्न हुनु पर्ने अवधि सम्म कभर हुने पेश्की जमानत लिई १५ प्रतिशत पेश्की २ किस्तामा दिन सकिने उल्लेख छ । निज निर्माण व्यवशायीलाई प्रथम किस्ता रु ६५,२६,०००।– मोविलाइजेसन पेश्की दिएको छ । सम्झौता अनुसार कार्य सम्पन्न हुनु पर्ने अवधि ३० महिना अर्थात २०७५।७।१५ सम्मको जमानत लिनु पर्नेमा २०७४ वैशाख १० सम्मको मात्र जमानत लिएकोले जमानतको म्याद वढाउनु पर्दछ ।

७.२. निर्माण व्यवसायी संग भएको संझौताको जि.सि.सि. (१.१) बमोजिम उक्त ठेक्कालाई माइल स्टोन १ र २ कार्यमा विभाजन गरेको छ । माइल स्टोन १ अनुसार प्रथम ९ महिनामा ३० प्रतिशत कार्य पुरा हुनु पर्ने र माइल स्टोन २ मा ३० महिनामा पुरै काम सम्पन्न गर्नु पर्ने उल्लेख छ। ठेकेदारले हाल सम्म प्रथम रनिंग विल सम्म पनि पेश गरेको छैन। निर्माण व्यवसायीले पेस गरेको संसोधीत कार्य तालिका अनुसार २०७५ आश्विन सम्ममा काम सम्पन्न गर्ने उल्लेख भएतापनि सो अवधि सम्ममा सम्पन्न गर्नसक्ने स्थिति देखिदैन । २०७३।१०।१९ मा स्थलगत निरिक्षण गर्दा नदिको रोड साइडको एक भागमा मात्र पिलर राख्नको लागि खाल्टो खन्ने काम गर्दै रहेको देखियो । हाल माइलस्टोन १ को अवधि समेत समाप्त भई सकेको अवस्थामा कामको प्रगति न्यून रहेको छ ।

८. **पेश्की फिर्ता :** रणनीतिक पुल कार्यक्रम अन्तरगत झिमरुक नदिमाथी पकला रासपुर जोड्ने पुल निर्माणका लागि एक निर्माण व्यवसायी संग रु ७ करोड ५३ लाख ५६ हजार मा २४ महिना भित्र काम सम्पन्न गर्ने गरी २०७२।३।३० मा ठेक्का संझौता भएको छ । २०७२।३।३१ मा रु ५६ लाख ५० हजार मोविलाइजेशन पेश्की दिएको र २०७२।११।१७ मा दोश्रो किस्ता रु ५६ लाख ५० हजार दिएको छ । संझौताको जि.सि.सि ४९.३ बमोजिम ठेकेदारले संझौता अवधिको १२ महिनाको अवधिमा ३० प्रतिशत काम सम्पन्न नगरेमा घटिमा ५० प्रतिशत पेश्की वैंक ग्यारेण्टी वाट फिर्ता लिनु पर्ने उल्लेख छ। संझौता रकमको ३० प्रतिशत अर्थात रु २ करोड २६ लाख ७ हजार संझौता अवधिको ५० प्रतिशत अर्थात २०७३।३।३० सम्म काम सम्पन्न गर्नु पर्दछ। २०७३।३।३० सम्ममा रु १ करोड ९ लाख ३९ हजार (१४.५१ प्रतिशत) मात्र कार्य गरेकोले संझौताको शर्त वमोजिम ५० प्रतिशत पेश्की वैंक ग्यारेण्टि वाट फिर्ता लिनु पर्दछ ।

९. **भेरियसन** : ठेक्का नं ०७०।७१–४४ लिवांग शहरी सडक रोल्पाको एक निर्माण व्यवसायी संग २०७०।११।१३ मा संझौता भएकोमा जिल्ला प्रशासन कार्यालय अगाडी आर.सि.सि पेभमेन्ट गर्न अति आवश्यक भएको भनि ९.५९ प्रतिशत भेरियसन स्वीकृति भएको छ । सोहि कार्यका लागि कार्यालयले २०७३।३।१० मा कोटेशन माग गरी एक निर्माण व्यवसायी लाई रु ४ लाख १६ हजार र अर्का निर्माण व्यवसायी संग रु ४ लाख १६ हजारको संझौता गरेको छ । सोहि कार्य सम्पन्न गर्न भेरियसन स्वीकृति गरीसकेको र सोझै खरिद पनि गरेको देखिएको छ । जिल्ला प्रशासन देखि मुल सडक सम्मको कुन चेनेज निर्माणका लागि भेरियसन स्वीकृति भएको हो र सोझै खरिदबाट कुन च्यानेज निर्माण गरीएको हो स्पष्ट गरेको देखिएन । भेरियसन स्वीकृति र कोटेशनबाट भएको कामका सम्बन्धमा छानबिन गर्नुपर्दछ ।

१०. **कन्टिन्जेन्सी खर्च** : भौतिक पुर्वाधार तथा यातायात मन्त्रालयको मिति २०७३।३।२६ को प्रतिवद्धता अनुरुप कार्यविधि तजुर्मा गरी कन्टिन्जेन्सी खर्च गरीनु पर्दछ । कार्यालयबाट प्राप्त विवरण अनुसार विभाग पठाएको २ प्रतिशत को अतिरिक्त इन्धन मोटरसाइकल/गाडी मर्मत, स्टेशनरी तथा छपाई, सुचना प्रकाशन, दैनिक भ्रमण भत्ता र अन्य खर्चमा समेत रु १ करोड १० लाख ६८ हजार खर्च गरेकोमा कार्यविधि तर्जुमा गरेको छैन । कन्टिन्जेन्सीबाट गरीने खर्च सम्बन्धमा स्पष्ट कानूनी व्यवस्था हुनुपर्दछ ।

११. **पेश्की** : आर्थिक कार्यविधि नियमावली,२०६४बमोजिम म्याद ननाघेको विभिन्न ९ निर्माण व्यवसायीलाई दिएको रु ३ करोड ७५ लाख ३० हजार मोविलाइजेशन पेश्की नियमानुसार फछ्र्यौट हुनु पर्दछ ।

१२. **मुल्य अभिबृद्धि कर** : मुल्य अभिबृद्धि कर ऐन २०५२ को दफा १४मा मु.अ. कर विजक तोकिएको ढाँचामा रितपुर्वकको हुनुपर्ने र अनुसुची ५ बमोजिमको ढाँचामा कर विजक लेखी सिलसीलेबार नंबर राखी जारी गर्नु पर्ने व्यवस्था छ । कार्यालयले एक निर्माण व्यवसायीलाई सडक निर्माण कार्य वापत २०७३।३।१५ मा जारी भएको विजक न. १२ वाट कुल कार्यसम्पन्न अनुसार दिनुपर्ने भ्याट रकम मध्ये रु २ लाख ६ हजार भुक्तानी दिएको छ । वाँकी मूल्य अभिवृद्धि कर रु १ लाख हातले बिजक नं. १४ लेखि कर विजक पेश गरेकोमा भुक्तानि दिएकोले मुल्य अभिवृद्धि कर समायोजन भएको प्रमाण पेश हुनुपर्दछ ।

१३. **कर विवरण** : कार्यालयमा कर विवरण पेश गरेको कागजात पेश भए पछि मात्र भुक्तानि दिनु पर्नेमा एक निर्माण व्यवसायीलाई संयुक्त उपक्रमको रिटेन्सन मनि भुक्तानी गर्दा आन्तरीक राजश्व कार्यालयमा कर विवरण पेश गरेको कागजात वेगर रु २ लाख रिटेन्सन मनि फिर्ता गरेको छ ।

## सिंचाइ विकास डिभिजन कार्यालय

१. **चौमासिक तथा आषाढको खर्च** : आर्थिक कार्यविधी नियमावली २०६४ अनुसार बजेट तथा कार्यक्रम कार्यान्वयन गरी प्रगति प्रतिवेदन तालुक कार्यालयमा पठाउनु पर्ने र त्यसको भौतिक र वित्तिय पक्षको समिक्षा गर्नु पर्ने व्यवस्था छ । विभिन्न ५ बजेट उपशिर्षकमा कार्यक्रम अनुसार खर्च नगरी आषाढ महिनामा मात्र कुल खर्चको १० प्रतिशत देखि १०० प्रतिशत सम्म खर्च गरेको छ। कार्यालयले आषाढ महिनामा मात्र बढी खर्च गर्ने कार्यमा नियन्त्रण गरी तोकिए बमोजिमको चौमासिकमा खर्च सन्तुलन गरीनु पर्दछ ।

२. **वाङगेसाल लिफट सिंचाइ योजना** : सिंचाइ योजनाको अर्न्तगत ओभरहेड टैंक नहर तथा नहर स्ट्रक्चरको कार्य गर्नको लागि एक निर्माण सेवा संग २०७३।१२।२५ सम्ममा काम सम्पन्न गर्ने गरी रु १ करोड ४५ लाख ५३ हजारमा सम्झौता गरेको छ । हाल सम्म प्रथम रनिंग विलवापत रु ६९ लाख ३६ हजार खर्च गरेको देखियो ।

सार्वजनिक खरिद नियमावली २०६४ वमोजीम स्वीकृत वोलपत्रदाताले निर्माण कार्यको त्रुटि सच्याउने दायित्वको अवधिभन्दा कम्तीमा एक महिना वढि अवधिको कार्य सम्पादन जमानत लिई खरिद सम्झौता गर्नुपर्नेमा सो निर्माण व्यवसायीले २०७५।१।२५ सम्मको रु ७ लाख २८ हजारको जमानत लिनुपर्नेमा २०७४।९।२५ सम्मको मात्र जमानत रहेकोले जमानतको म्याद वढाउनु पर्ने देखिन्छ ।

३. **पेश्की** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ वमोजीम खरिद सम्झौतामा उल्लेख भए वमोजीम पेश्की दिन सकिने र सोही नियमको उप नियम ५ वमोजीम सम्झौतामा उल्लेख गरीए वमोजिम रनिङ विल वा विजकवाट पेश्की कट्टा गर्नु पर्ने उल्लेख छ । २ निर्माण व्यवसायीलाई दिएको म्याद ननाघेको २३ लाख पेश्की वाँकी रहेको छ । नियमानुसार पेश्की फछ्र्यौट गर्नुपर्दछ ।

४. **श्रेस्ता पेश नभएको** : नयाँ प्रविधिमा आधारीत सिंचाई योजना अर्न्तगत भालवाङ्ग लिफ्ट सिंचाई योजनाको पम्प हाउस तथा स्टोरेज टैंक निर्माण को लागि म.प. क्षेत्रीय सिंचाइ निर्देशनालय सुर्खेतवाट प्राप्त भएको रु १५ लाख ७१ हजारको सक्कल श्रेस्ता म.प क्षेत्रीय सिंचाई निर्देशनालयमा च.न. ४८५ मिति २०७३।३।२८ वाट पठाएकोले सोको लेखापरीक्षण गरीएको छैन ।

## स्थानीय विकास कोषको सचिवालय

१. **लगानी र असूली** : कार्यालयवाट पेश भएको ऋण लगानी र व्याज असुलीको विवरण अनुसार असुल गर्न वाँकी साँवा रु ५ लाख ६० हजार रहेको छ । साँवा असुल नहुँदा लगानीमा प्रभाव पर्ने हुनाले गत आर्थिक बर्षमा लगानी भई भाका नाघेको रकम नियमानुसार असुल गर्नु पर्दछ ।

२. **लागत र सहभागिता अंश** : जनजागृति प्रा.वि.धरमपानी ७ को विद्यालय भवन निर्माण गर्नको लागि स्थानीय विकास कोष, गाविस र विद्यालय बीच भएको संझौता बमोजिम कार्यसम्पन्न मूल्यांकन फाराम अनुसार रु.२ लाख ५३ हजारको मूल्यांकन भएकोमा उपभोक्ताले व्यहोरेको लागत सहभागिताको अंश देखिने गरी मूल्यांकन नगरेको र नापी किताबमा समेत उपभोक्ताको अंश देखाएको पाईएन ।

# आन्तरिक लेखापरीक्षण

यस जिल्ला अन्तरगत ३३ कार्यालयको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट सम्पन्न भएको छ। आन्तरिक लेखापरिक्षण प्रतिवेदनअनुसार २१ कार्यालयको बेरुजू नदेखिएको जनाएको छ। यस बर्ष आन्तरिक लेखापरीक्षणको आधारमा लेखापरीक्षण सम्पन्न गरीएका २४ मध्ये निम्न ४ कार्यालयको रु ७१,३४,१०१।- बेरुजू बाकी देखिएको छ। आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६ अनुसार आन्तरिक लेखापरीक्षणबाट औंल्याएको बेरुजू अन्तिम लेखापरीक्षण अगावै फछ्यौट गर्नुपर्नेमा बाँकी देखिएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ।

| सि न | कार्यालय | शीर्षक | व्यहोरा | रकम (रु) |
|---|---|---|---|---|
| १. | खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय | ३४७८०२३ | कर कट्टा नगरेको | १४९३४ |
| | | ३४७८०२४ | मोविलाइजेशन पेश्की | २१२९४४० |
| २. | घरेलु तथा साना उद्योग विकास समिति | ३०७८०१३ | पटक पटक सोझै खरिद | ९६५००० |
| | | ३०७८०१३ | मोविलाइजेशन पेश्की | २६४५७२७ |
| ३. | जिल्ला कृषि विकास कार्यालय | ३१२८०२३ | कार्यक्रम पेश्की | १४७००० |
| ४. | जिल्ला प्रहरी कार्यालय | ३१४०२८४ | मोविलाइजेशन पेश्की | १२३२००० |
| | | | जम्मा | ७१३४१०१ |

**(सुवर्ण प्रसाद ढकाल)**

**नायव महालेखापरीक्षक**

अनुसूची १

## लेखापरीक्षण गरीएका कार्यालय र लेखापरीक्षण अंक

**लेखापरीक्षण विधि : विस्तृत** (रु लाखमा)

| क.स. | कार्यालयको नाम | विनियोजन/निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १. | जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन | ८४९ | १ | १५ | ० | ८६४ |
| २. | जिल्ला प्राविधिक कार्यालय | ८२० | १ | १० | ० | ८३१ |
| ३. | जिल्ला विकास समितिको कार्यालय | ० | ० | ० | ११३६४ | ११३६४ |
| ४. | जिल्ला स्वास्थ्य कार्यालय | १४०४ | ४ | १ | ७० | १४७९ |
| ५. | जिल्ला शिक्षा कार्यालय | ८४५५ | ६८ | १० | २८ | ८५६१ |
| ६. | डिभिजन सडक कार्यालय | ३००४ | १६ | ४१९ | १९४४ | ५३८३ |
| ७. | प्यूठान अस्पताल | ११८ | ० | ० | १५७ | २७५ |
| ८. | स्थानीय विकास कोषको सचिवालय | ० | ० | ० | ७८ | ७८ |
| ९. | सिंचाइ विकास डिभिजन | ६५१ | १ | ६८ | १६ | ७३६ |
| | **जम्मा** | **१५३०१** | **९१** | **५२३** | **१३६५७** | **२९५७१** |

**लेखापरीक्षण विधि : आन्तरिक लेखा परीक्षण र केन्द्रीय आर्थिक विवरणको आधारमा** (रु लाखमा)

| क.स. | कार्यालयको नाम | विनियोजन/निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १. | जिल्ला निर्वाचन कार्यालय | २८ | ० | ० | ० | २८ |
| २. | जिल्ला सरकारी वकिल कार्यालय | ३१ | ० | ० | ० | ३१ |
| ३. | प्यूठान जिल्ला अदालत | १२६ | १३ | ४२ | ० | १८१ |
| ४. | इलाका प्रशासन कार्यालय | ९ | २ | ० | ० | ११ |
| ५. | इलाका प्रहरी कार्यालय | १५९ | ० | ० | ० | १५९ |
| ६. | कारागार कार्यालय | ५६ | ० | ० | ० | ५६ |
| ७. | खानेपानी तथा सरसफाइ डिभिजन | १०८६ | १ | १८ | २ | ११०७ |
| ८. | गोरख वक्स गण | २३२९ | ४ | १७ | ० | २३५० |
| ९. | घरेलु तथा साना उद्योग विकास समिति | १०५ | २७ | ११ | १ | १४४ |
| १०. | जिल्ला आयूर्वेद स्वास्थ्य केन्द्र | ७३ | ० | १ | १ | ७५ |
| ११. | जिल्ला कृषि विकास कार्यालय | ६५३ | ६ | ५ | १ | ६६५ |
| १२. | जिल्ला पशु सेवा कार्यालय | ४९१ | १ | ० | ० | ४९२ |
| १३. | जिल्ला प्रशासन कार्यालय | १२३ | १४६ | ९ | ८३ | ३६१ |
| १४. | जिल्ला प्रहरी कार्यालय | १२०७ | १ | १० | १५ | १२३३ |
| १५. | जिल्ला ट्फिक कार्यालय | ० | २१ | ० | ० | २१ |
| १६. | जिल्ला हुलाक कार्यालय | ३२८ | ११ | ७ | १७ | ३६३ |
| १७. | जिल्ला वन कार्यालय | ४४१ | १८ | ६६ | ० | ५२४ |
| १८. | जिल्ला भू संरक्षण कार्यालय | १८८ | ० | ० | ० | १८८ |
| १९. | जिल्ला वालकल्याण समिति | २ | ० | ० | ० | २ |
| २०. | तथ्याँक कार्यालय | २६ | ० | ० | ० | २६ |
| २१. | नापी कार्यालय | १३९ | ९ | ३ | ४ | १५६ |
| २२. | महिला तथा वालवालिका कार्यालय | १९० | ० | ७ | २५ | २२२ |
| २३. | मालपोत कार्यालय | ७५ | १२९ | २६ | ८ | २३८ |
| २४. | राष्ट्यि अनुसन्धान जिल्ला कार्यालय | ५६ | ० | ० | ० | ५६ |
| | **जम्मा** | **७९२१** | **३८९** | **२२२** | **१५७** | **८६८९** |
| | **कुल जम्मा** | **२३२२२** | **४८०** | **७४५** | **१३८१४** | **३८२६०** |

# बेरुजूको स्थिति

(रु हजारमा)

| क.स. | कार्यालयको नाम | सुरु बेरुजू | | प्रतिक्रिया र पुनरावलोकनबाट फछ्यौट | | बाँकी दफा र बेरुजू | | | | | असुली | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा | रकम | दफा | रकम | दफा | असुल गर्नुपर्ने | अनियमित | पेश्की | जम्मा | ले.प.को क्रममा | प्रतिक्रियाबाट | जम्मा |
| १. | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | ४ | २१४४ | २ | - | २ | १५ | ० | २१२९ | २१४४ | ० | - | ० |
| २. | घरेलु तथा साना उद्योग विकास समिति | २ | ३६११ | - | - | २ | ० | ९६५ | २६४६ | ३६११ | ० | - | ० |
| ३. | जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय प्यूठान | ११ | २६२६ | ४ | - | ७ | ० | २६२६ | ० | २६२६ | ० | - | ० |
| ४. | जिल्ला कृषि विकास कार्यालय | १ | १४७ | - | - | १ | ० | ० | १४७ | १४७ | ० | - | ० |
| ५. | जिल्ला प्रहरी कार्यालय | १ | १२३२ | - | - | १ | ० | ० | १२३२ | १२३२ | ० | - | ० |
| ६. | जिल्ला प्राविधिक कार्यालय | ६ | ५४९४ | २ | - | ४ | ११८ | ४४१ | ४९३५ | ५४९४ | ० | - | ० |
| ७. | जिल्ला विकास समिति | ३४ | २६३७६ | ३ | - | ३१ | १२९९ | ५२७० | १९८०८ | २६३७६ | १५ | - | १५ |
| ८. | जिल्ला स्वास्थ्य कार्यालय | २३ | ९०३ | १२ | - | ११ | २८७ | ६१६ | ० | ९०३ | ११ | - | ११ |
| ९. | जिल्ला शिक्षा कार्यालय | ११ | ४८३१२ | ६ | - | ५ | ० | ४८३१२ | ० | ४८३१२ | ७०९ | - | ७०९ |
| १०. | डिभिजन सडक कार्यालय | ३१ | ४९२९६ | १८ | १३५ | १३ | ० | ११६३१ | ३७५३० | ४९१६१ | १८ | १३५ | १५३ |
| ११. | प्यूठान अस्पताल | ० | ० | - | - | ० | ० | ० | ० | ० | १२ | - | १२ |
| १२. | स्थानीय विकास कोषको सचिवालय | २ | ० | - | - | २ | ० | ० | ० | ० | ० | - | ० |
| १३. | सिंचाइ विकास डिभिजन | ११ | २३०० | ७ | - | ४ | ० | ० | २३०० | २३०० | ० | - | ० |
| | **जम्मा** | **१३७** | **१४२४४१** | **५४** | **१३५** | **८३** | **१७१९** | **६९८६१** | **७०७२७** | **१४२३०६** | **७६५** | **१३५** | **९००** |

**द्रष्टव्य :**
- *बेरुजूको दफा अन्तर्गत सैद्धान्तिक र लगती दुवैको जम्मा संख्या समावेश छ ।*
- *प्रारम्भिक प्रतिवेदनमा उल्लखभएको दफा संख्यामा प्रतिक्रियाबात फछ्र्यौट एवमं समोजान गरी अनुसुचिमा बाकिं दफा कायम गरिएको छ ।*

# जिल्ला विकास समितिको एकीकृत आय-व्यय विवरण

| आय | रकम | व्यय | रकम |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारीः | ३४०८५३१५/०४ | कोष तर्फको खर्च : | ४२७९४२६६/२८ |
| राजश्व बांडफांड | १६९९४४५४/८३ | राजश्व बांडफांड | १५०००००० |
| कर्मचारी कल्याण कोष | ५०७७९/५० | कर्मचारी कल्याण कोष | १४७६०६४ |
| धरौटि खाता | ७३१६५०९/८२ | धरौटि खाता | २८०६९३३/२८ |
| जि.वि.स कोष पुँजिगत | ४८७१०८/३१ | जि.वि.स कोष पुँजिगत | १४५१९५२६ |
| जि.वि.स चालु | ७४३६३/- | जि.वि.स चालु | २९९८७७१ |
| स्काभेटर | १४५६२९/४२ | स्काभेटर | ८१४७९४ |
| स्व आर्जित | ९०१६४७०/१६ | स्व आर्जित | ५१७८१७८ |
| कोष तर्फको चालु आम्दानी | ४८६१९८५३/७८ | आगामि आ.व लाई जिम्मेवारी सार्ने | ३९९१०९०२/५४ |
| राजश्व बांडफांड | १११६३९२१/- | राजश्व बांडफांड | १३१५८३७५/८३ |
| कर्मचारी कल्याण कोष | १५९००५०/- | कर्मचारी कल्याण कोष | १६४७६५/५० |
| धरौटि खाता | ९१९१७५५/५० | धरौटि खाता | १३७०१३३२/०४ |
| जि.वि.स कोष पुँजिगत | १५०००००० | जि.वि.स कोष पुँजिगत | ९६७५८२/३१ |
| जि.वि.स चालु | ३०००००० | जि.वि.स चालु | ७५५९२/- |
| स्काभेटर | ७००००० | स्काभेटर | ३०८३५/४२ |
| स्व आर्जित | ७९७४१२७/२८ | स्व आर्जित | ११८१२४१९/४४ |
| नेपाल सरकारवाट अनुदान निकासा | १४४३६२६७३/- | नेपाल सरकारको निकासावाट खर्च | १४४३६२६७३/- |
| जि.वि.स. अनुदान (चालु) | २७५११९६८/- | जि.वि.स. अनुदान (चालु) | २७५११९६८/- |
| जि.वि.स. अनुदान (पुजिगत) | १६२५१७०५/- | जि.वि.स. अनुदान (पुजिगत) | १६२५१७०५/- |
| गा.वि.स. अनुदान (चालु) | १८४१३०००/- | गा.वि.स. अनुदान (चालु) | १८४१३०००/- |
| गा.वि.स. अनुदान (पुजिगत) | ८२१८६०००/- | गा.वि.स. अनुदान (पुजिगत) | ८२१८६०००/- |
| अन्य निकायवाट प्राप्त आम्दानी गतको | २५४४०६२२/२३ | अन्य निकाय तर्फको खर्च | २९८०१७७२/७२ |
| मानव संसाधन | ४१४७००/- | मर्मत सम्भार कोष | ९००१५८/- |
| उपेक्षित उत्पीडित कार्यक्रम तर्फ | ६०९३६९/- | प्रकोप व्यवस्थापन कोष | ३२३५४१/- |
| संस्कृती तथा पर्यटन | ७७९७१९/- | शिक्षा विकास कोष | ९३२६६६०/- |
| एकिकृत विकास तर्फ | २७००/- | लघु उद्यम | २४०००/- |
| पुरातत्व विभाग | ५००००/- | कन्टीन्जेन्सी | ६१६३२८१/- |
| डि.एफ.आई.डि | ६००००/- | पश्चिम नेपाल | ३६३४४६५/७२ |
| शिक्षा विकास कोष | ११०००४६३/- | उर्जा तर्फ | २४१६९४४/- |
| म्याचिङ/विद्युत | ४६३०/- | गरीवि निवारण कार्यक्रम | ४२०००/- |
| कन्टिन्जेन्सी | ८२५२५९/३७ | यू.एन.एफ.पि.ए | ४९९३०१५/- |

| आय | रकम | व्यय | रकम |
|---|---|---|---|
| सडक वोर्ड | १८२००/- | स्वर्गद्धारी पर्यटन वोर्ड | ९९९९९०/- |
| उर्जा गतको | १७००८८६/८२ | सडक वोर्ड | ९७७७१८/- |
| जि.वि.स अनुदान गतको | ६६५३३/- | आगामी आ.व. लाई जिम्मेवारी सार्ने | ३७२५६३३९/७८ |
| लघु उद्यम | ३७५१२/- | मर्मत सम्भार कोष | १५४८२२०/६२ |
| मर्मत सम्भार कोष विशेष | ९७६३७८/६२ | संस्कृती तथा पर्यटन | ७७९७१९/- |
| पश्चिम नेपाल | ३६३४४६५/७२ | उपेक्षित उत्पीडित कार्यक्रम | ६०९३६९/- |
| स्थानीय शासन तथा स्वायत्त | १६३८५/२५ | जिल्ला उर्जाकोष | २६८१०८/८७ |
| विद्युत विकास कार्यक्रम | ६०००२/- | गरीवि निवारण कार्यक्रम | १५८०००/- |
| स्वर्गद्धारी आश्रम निर्माण | १०००००/- | प्रकोप व्यवस्थापन | १५४१९७०/५६ |
| विभिन्न कोष खाता | ३१६९४०२/३१ | पर्यटन वोर्ड | २४९९९७०/- |
| यू.एन.एफ.पि.ए | ४५९१७/२७ | यू.एन.एफ.पि.ए | १९३४५४/६१ |
| जिल्ला उर्जा कोष | २६८१०८/८७ | एकिकृत विकास तर्फ | २७००/- |
| प्रकोप व्यवस्थापन कोष | ६०००००/- | पुरातत्व विभाग | ५००००/- |
| स्वर्गद्धारी पर्यटन वोर्ड | ९९९९९०/- | डि.एफ.आई.डि | ६००००/- |
| अन्य निकायवाट प्राप्त आम्दानी | ४१६१७४९०/२७ | शिक्षा विकास कोष | १६१३६५१०/- |
| शिक्षा विकास कोष | १४४६२७०७/- | म्याचिङ/विद्युत र अन्य | ४६३०/- |
| कन्टिन्जेन्सी | ५७४६८८३/- | कन्टीन्जेन्सी | ४०८१६१/३७ |
| लघु उद्यम | ३०००००/- | सडक वोर्ड | ११२६२८२/- |
| मर्मत सम्भार कोष | १४७२०००/- | जि.वि.स अनुदान गतको | ६६५३३/- |
| यू.एन.एफ.पि.ए | ५१४०५५२/३४ | लघु उद्यम | ३१३५१२/- |
| उर्जा तथा वातावरण | १३४७५१६/- | स्थानीय शासन तथा स्वायत्त | १६३८५/२५ |
| गरीवि निवारण कार्यक्रम | २०००००/- | पश्चिम नेपाल | ७०८७५५०/३७ |
| पर्यटन वोर्ड | २४९९९७०/- | स्वर्गद्धारी आश्रम निर्माण | १०००००/- |
| सडक वोर्ड | २०८५८००/- | उर्जा तथा वातावरण | ६३१४५८/८२ |
| विभिन्न कोष खाता | ९०००/- | विभिन्न कोष खाता | ३१७८४०२/३१ |
| पश्चिम नेपाल | ७०८७५५०/३७ | विद्युत विकास | ६०००२/- |
| प्रकोप व्यवस्थापन कोष जि.प्र.शाा | १२६५५११/५६ | मानव संसाधन | ४१४७००/- |
| निक्षेपित तर्फ निकासा | ३७१७७२५४५/८४ | निक्षेपित तर्फ खर्च | ३७१७७२५४५/८४ |
| जिल्ला शिक्षा कार्यालय | ३०१६८५७४०/- | जिल्ला शिक्षा कार्यालय | ३०१६८५७४०/- |
| जिल्ला पशु सेवा कार्यालय | २३३५९३३९/- | जिल्ला पशु सेवा कार्यालय | २३३५९३३९/- |
| जिल्ला कृषि विकास कार्यालय | ३२०२९२९२/८४ | जिल्ला कृषि विकास कार्यालय | ३२०२९२९२/८४ |
| ग्रामिण सामुदायीक पूर्वाधार | १०८६३१७४/- | ग्रामिण सामुदायीक पूर्वाधार | १०८६३१७४/- |
| स्थानीय विकास कोष | ३८३५०००/- | स्थानीय विकास कोष | ३८३५०००/- |
| **कुल जम्मा** | **६६५८९८५००/१६** | **कुल जम्मा** | **६६५८९८५००/१६** |

## जिम्मेवार पदाधिकारीहरुको नामावली

| सि.नं. | कार्यालय | कार्यालय प्रमुख | लेखा प्रमुख |
|---|---|---|---|
| १. | घरेलु तथा साना उद्योग विकास समिति | श्री सुनील कुमार शर्मा | श्री गोपाल पोखेल |
| २. | जिल्ला कृषि विकास कार्यालय | श्री शिव नारायण चौधरी/मधुसुधन घिमिरे | श्री महेन्द्र प्रसाद श्रेष्ठ |
| ३. | जिल्ला विकास समिति | श्री शिव प्रसाद रेग्मी | श्री तुल्सी राम रिजाल |
| ४. | जिल्ला शिक्षा कार्यालय | श्री नारायण प्रसाद भट्राई/श्री कल्पना घिमिरे | श्री विष्ण वहादुर वस्नेत |
| ५. | जिल्ला स्वास्थ्य कार्यालय | डा.राम वहादुर के.सि/ डा. कृष्ण साह | श्री दान वहादुर के.सी |
| ६. | स्थानीय विकास कोषको सचिवालय | श्री लक्ष्मण आचार्य | श्री ध्रुव वहादुर जि.सी |
| ७. | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | श्री ग्रिष्म थापा | श्री खगेश्वर अधिकारी |
| ८. | जिल्ला प्राविधिक कार्यालय | श्री पुष्प रत्न रञ्जित/ श्री सुरेन्द्र घिमिरे | श्री तुल्सी राम रिजाल |
| ९. | सिँचाइ विकास डिभिजन | श्री मित्र वराल/ श्री कृष्ण वहादुर वि.क | श्री युवराज सापकोटा |
| १०. | डिभिजन सडक कार्यालय | श्री सुरेश न्यौपाने | श्री पदम वहादुर जि.सि |
| ११. | जिल्ला प्रहरी कार्यालय | श्री रञ्जीत सिंह राठौर | श्री संजिव कुमार दुलाल |
| १२. | जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय | श्री जीत वहादुर थापा | श्री विनोद शर्मा |
| १३. | प्यूठान अस्पताल | डा.राम वहादुर के.सि/ डा. कृष्ण साह | श्री तारा प्रसाद खनाल |

977-1-4258172, 4255707

977-1-4268309, 4262798

info@oag.gov.np

13328

Kathmandu, Nepal

www.oagnep.gov.np